# कन्फ्लिक्ट अफ इन्ट्रेष्ट (Conflict of Interest)
# नीति–२०७४

*(फ्रिडम फोरम आर्थिक प्रशासन सम्बन्धी निमायवली २०६३ को व्यवस्थालाई अद्यावधिक र परिपूरक गर्न फ्रिडम फोरमको  कन्फ्लिक्ट अफ इन्ट्रेष्ट (Conflict of Interest) नीति-२०७४ जारी गरिएको हो ।*

**FREEDOM FORUM**


**थापाथली, काठमाण्डौं**

**फो नं: ४१०२०२२/४१०२०३०**

**फ्याक्स :-४२२६०९९**

**Email: info@freedomforum.org.np**

# कन्फ्लिक्ट अफ इन्ट्रेष्ट नीति-२०७४

*(फ्रिडम फोरम आर्थिक प्रशासन सम्बन्धी निमायवली २०६३ को व्यवस्थालाई अद्यावधिक र परिपूरक गर्न फ्रिडम फोरमको  कन्फ्लिक्ट अफ इन्ट्रेष्ट* (Conflict of Interest) *नीति-२०७४ जारी गरिएको हो ।*

१. यस संस्थाका कार्यकारी समिति पदाधिकारी तथा सदस्य, साधारण सदस्य तथा कर्मचारीहरूले संस्थाको हक, हित, फाइदा र प्रगतिको लागि काम गर्नेछन् । यस संस्थाका कार्यकारी समिति सदस्य, साधारण सदस्य तथा कर्मचारीहरूले आफ्नो पद, ज्ञान, सीप र क्षमतालाई संस्थाको हक, हित, फाइदा र प्रगतीको बिरुद्ध प्रयोग गर्ने छैनन् । सार्बजानिक रूपमा बाहिर उपलब्ध नभएका तर यस संस्थामा उपलब्ध भएका जानकारीहरू यस संस्था भन्दा बाहेकका फाइदाको लागि प्रयोग गरिने छैनन् । यदि जानेर, नजानेर वा कसैको करकापमा परेर यस नीतिको उल्लंघन भएमा यस संस्थाको सम्बन्धित आधिकारीक व्यक्तिलाई तुरुन्त लिखितरूपमा जानकारी गराउनुपर्नेछ ।

२. यस संस्थाको कुनै पनि निर्णय प्रक्रियामा असर पार्ने गरी संस्थाका कार्यकारी समिति सदस्य, साधारण सदस्य तथा कर्मचारीहरूले कुनै पनि नगद तथा जिन्सी उपहार लिने छैनन् । यदि जानेर, नजानेर वा कसैको करकापमा परेर यस नीतिको उल्लंघन भएमा यस संस्थाको सम्बन्धित आधिकारीक व्यक्तिलाई तुरुन्त लिखितरूपमा जानकारी गराउनुपर्नेछ ।

३. यस संस्थाका पूर्णकालीन कर्मचारीहरूले अन्य संस्थामा पूर्णकालीनरूपमा काम गर्नेछैनन् । यदि काम गर्नुपर्ने अवस्था आएमा काम गर्नुभन्दा पहिले यस संस्थाको सम्बन्धित आधिकारिक व्यक्तिसँग लिखितरूपमा स्वीकृत लिनुपर्नेछ ।

४. यस संस्थाका कार्यकारी समिति पदाधिकारी, सदस्य, साधारण सदस्य तथा कर्मचारीहरूको नजिकको नातेदार (रगतको नाता वा बैवाहिक सम्बन्धको नाता) पर्ने व्यक्ति सामान्यतया यस संस्थाको कर्मचारीमा खुल्ला प्रतिस्पर्धाद्वारा छनौट र भर्ना हुने छैन । यदि यस्तो नाताभित्रको मानिस भर्ना गर्नुपर्ने भएमा संस्थाको सम्बन्धित पदाधिकारी तथा कर्मचारीले यस्तो सम्बन्धको बारेमा जतिसक्दो छिटो आधिकारिक खुलासा गर्नुपर्नेछ । र त्यस्तो छनौट तथा भर्ना प्रक्रियामा नाता सम्बन्ध भएको संस्थाको सम्बन्धित पदाधिकारी तथा कर्मचारी सहभागी हुनेछैन ।

५.यस संस्थाका कार्यकारी समिति सदस्य, साधारण सदस्य तथा कर्मचारीहरूले आफ्नो नजिकको नातेदार (रगतको नाता वा बैबाहिक सम्बन्धको नाता) पर्ने व्यक्तिहरू तथा उनीहरू संलग्न फर्म, कम्पनी आदिबाट संस्थाको लागि कुनै पनि सामानहरू खरीद गर्नेछैनन् ।

## सम्भाबित कन्फ्लिक्ट अफ इन्ट्रेस्ट (Disclosure of Conflict of Interest) को खुलासा

मैले यस संस्थाको कन्फ्लिक्ट अफ इन्ट्रेस्टसम्बन्धी नीति राम्रोसँग पढेर बुझेको छु । खुलासा नगरेको अवस्थासम्म हाललाई मेरो यस संस्थालाई नकारात्मक असर पर्ने कुनै स्वार्थ नभएको जानकारी गराउन चाहान्छु । यस संस्थाको कामको सिलसिलामा संस्थाको काम तथा निर्णय प्रक्रियालाई असर पर्ने गरी

कुनै उपहार लिएको छैन, यस संस्थामा कार्यरत कुनै पूर्णकालीन, अल्पकालीन कर्मचारी तथा परामर्शदाता मेरो नजिकको नाता पर्ने व्यक्तिहरू छैनन्, यस संस्थाको लागि आवश्यक पर्ने सामानहरू मेरो  नजिकको नातेदार पर्ने व्यक्तिहरू तथा उनीहरू संलग्न फर्म, कम्पनी आदिबाट किन्ने गरेको छैन र मैले जानेबुझेसम्म यस संस्थाको हक, हित, फाइदा र प्रगतिको विरुद्धमा काम गरेको छैन भनी जानकारी गराउन चाहान्छु ।

यदि माथि उल्लिखित कुनै कुराहरू भएमा तल उल्लेख गर्नुहोस्:

______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________

**नामः** **सहीः**________________________

**पदः** **मितिः**________________________

---

कार्यसमितिको बैठक २०७४/०८/२४ बाट पारित भई २०७३/०७४ को साधारणसभा (२०७४/०९/२१) बाट अनुमोदन गरिएको ।